# महाराजगंज नगरपालिका

## कपिलवस्तु द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ३ मिति : २०८०।०४।२०

## भाग : २

# महाराजगंज नगरपालिका

## कपिलवस्तु, लुम्बिनी प्रदेश

## अनुगमन कार्यविधि, २०८०

महाराजगन्ज नगरपालिका अन्तरगत संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको कार्यविधि २०७७

कार्यपालिकाबाट पारित मिति : २०८०।०४।०८
प्रमाणिकरण मिति : २०८०।०४।२०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा(३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

CONFIDENTIAL

# महाराजगजं नगरपालिकाको अनुगमन कार्यविधि २०८०

प्रस्तावना: नगरपालिकाबाट संचालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को उपदफा (४) खण्ड (ख) मा व्यावस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षणकार्यलाई व्यावस्थित र प्रभावकारी तुल्याउने वाञ्छनीय भएकोले महाराजगजं नगरपालिका को प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**:(१) यस कार्यविधिको नाम महाराजगंजको अनुगमन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२:परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले नगरपालिका को प्रमुख सम्झनु पर्छ।

(ख) "अनुगमन" भन्नाले नीति, योजना कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए,नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी,सुचना सङ्कलन संस्थागत निरिक्षण वा चेक जाचँको कार्य सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले नगरपालिकाबाट संचालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले नगरपालिका क्षेत्रभित्र गैर सरकारी संस्था एवम अन्य निकायबाट संचालित कार्यक्रम समेतलाई जनाउँछ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "नागरिक समाज" भन्नाले नगरपालिका क्षेत्रभित्र नागरिक समाजको रुमा दर्ता भएको वा नभएको नागरिक अधिकारका लागि क्रियाशिल संस्था वा व्याक्तिहरु सम्झनु पर्छ।

(च) "प्रतिवेदन" भन्नाले यस कार्यविधि वमोजिम तयार गरिने अनुगमन तथा सुपरिवेक्षण कार्य नतिजा समावेस गरिएको दस्तावेज सम्झनु पर्छ।

(छ) "योजना" भन्नाले नगरपालिकाबाट संचालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले नगरपालिका क्षेत्रभित्र अन्य निकायवाट संचालन विकास निर्माण कार्य समेतलाई जनाउँछ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद-२
## समितिको गठन तथा काम,कर्तव्य र अधिकार

**३: अनुगमन समिति:** (१) योजना तथा कार्यक्रमको लागत,परिमाण,समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ:-

(क)नगरपालिकाको उपप्रमुख - संयोजक

(ख)नगर कार्यपालिकाले तोकेका एक जना महिला कार्यपालिकाका सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष (वडा स्तरिय योजनाको हकमा) - सदस्य

CONFIDENTIAL

(ङ) उक्त योजना । कार्यक्रमसँग सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(छ) प्रशासन तथा योजना अनुगमन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य कर्मचारी, पदाधिकारी, संचारकर्मी र सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिन्छ ।

**४.समितिको काम, कर्तब्य र अधिकार:**(१) योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने अनुगमन समितिको प्रमुख जिम्मेवारी हुनेछ ।

**(२)** उपदफा(१)मा उल्लेखित कामका अतिरिक्त समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रम अनुगमन गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियामित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका क्रियाकलापहरुमा विज्ञलाई सहभागि गराउने,

(घ) अनुगमन सम्पन्न भएको मासिक प्रतिवेदन कार्यपालिकामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने गराउने,

(ङ) अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एबम निर्माण व्यबसायीलाई निर्देशन दिने,

(च) योजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) योजना तथा कार्यक्रमको अनुगमन क्रममा कुनै हिनामिना, अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

(ज)अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक बर्षको अन्तिममा कार्यपालिका मा पेश गर्ने,

(झ) कुनै योजना तथा कार्यक्रमको डिजाइन ड्रईगं तथा स्टीमेटमा संसोधन वा परिवर्तन गर्नु पर्ने देखिएकोमा सो को मनासिव कारण आधार र औचित्य खुलाई सिफारिस गर्ने ।

## परिच्छेद -३
## अनुगमन सम्बन्धी व्यवस्था

**५. योजना तथा कार्यक्रमको वर्गीकरण:** (१) यस नगरपालिका भन्दा बाहेकका निकायहरुले संचालन गर्ने गराउने योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धी व्यवस्था सो निकायले अपनाउने विधि र प्रकृया बमोजिम हुनेछ ।

(२) नगरपालिकाबाट संचालित कार्यक्रमहरुको अनुगमनका लागि योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रका आधारमा देहाय वमोजिम वर्गीकरण गर्न सकिने छ ।

(क) पूर्वाधार विकास योजना,

(ख)चेतनामूलक, क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रम,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रम

CONFIDENTIAL

(घ) सामाजिक विकास कार्यक्रमहरु

२) उपदफा (१) बमोजिम गरिएको वर्गीकरण एवम् योजना तथा कार्यक्रममा गरिने लगानी समेतका आधारमा समितिले अनुगमनको प्राथामिकता निर्धारण गर्न सक्ने छ।

(३) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षणको लागि बेग्लाबेग्लै ढाँचा र विधिको प्रयोग गर्न सकिने छ।

**६.अनुगमन गर्दा ध्यान दिनुपर्ने:**अनुगमन समितिले यस कार्यविधि बमोजिम योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ:-

(क) कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने,

(ख) कामको तोकिएको परिमाण,लागत र गुणस्तर बमोजिम काम भए नभएको यकीन गरी आवश्यक कारवाही गर्ने,

(ग) योजना वा कार्यक्रमको डिजाइन वा कार्यान्वनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्ने,

(घ) अनुगमन कार्यलाई पारदर्शी र सहभागितामुलक बनाई नागरिकमा नगरपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने,

**७.अनुगमन विधि**: (१) समितिले नगरपालिकाबाट संचालित एबम नगरपालिका क्षेत्रभित्र संचालित सबै किसिमका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा समितिले देहायका मध्ये आवश्यकता अनुसार कुनै वा सबै विधिको प्रयोग गर्न सक्नेछ।

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिबेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) लाभान्वित वर्ग तथा सरोकारवालाहरु संग छलफल गर्ने,

(घ) नागरिक समाजका संस्था सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक पक्षको परीक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु,

(३) उपदफ (२) मा उल्लिखित विधिका अतिरिक्त कुनै योजना वा कार्यक्रमको सम्बन्धमा अन्य तरिकाबाट पृष्ठपोषण, प्रतिकृया वा सुझाव प्राप्त भएको अवस्थामा समितिले त्यस्तो विषयको अभिलेख राखी तथ्यगत विश्लेषणको आधामा आवश्यक कारवाही अघि बढाउन सक्नेछ।

**८.वडास्तरीय अनुगमन समिति** :(१) वडा स्तरबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछ:-

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिले तोकेको महिला सदस्य मध्ये एक जना - सदस्य

(ग) सम्बन्धित वडाको प्राविधिक - सदस्य

CONFIDENTIAL

(घ) वडा सचिब सदस्य सचिव

(२) वडास्तरीय अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित योजना \कार्यक्रम हेर्ने कर्मचारी तथा नागरिक समाजका अगुवा व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमितरुपमा जानकारी गराउनु पर्नेछ।

**९.उपभोक्ता समितिबाट अनुगमन गर्ने:** (१)तोकिएको गुणस्तर तथा परिमाण कायम गरी निर्धारित समयमा योजना सम्पन्न गर्न उपभोक्ताहरुको भेलाबाट कम्तीमा एक जना महिला सहित बढीमा तिन सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समिति गर्ने कार्य उपभोक्ता समिति गठन गर्दा कै समयमा गर्नुपर्ने ।

(३) यस दफा बमोजिम गठित अनुगमन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) योजनाको कार्यान्वयनमा देखिएका वाधा, व्यवधान रसमस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ख) योजना कार्यान्वयन तोकिएको परिमाण,गुणस्तर र कार्यतालिका अनुसार भए नभएको एकीन गर्ने र नभएको अवस्थामा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) समिति र वडास्तरी अनुगमन समिति बाट गरिने अनुगमन तथा सुपरीवेक्षणमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) योजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने,

(४) उपभोक्ता समितिले योजनाको अन्तिम भुक्तानी माग गर्दा यस दफा बमोजिमको अनुगमन समितिको निर्णय नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१०.अनुगमन कार्यको लागि स्रोतको प्रबन्ध:** (१) अनुगमन समितिको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको प्रबन्ध कार्यपालिकाले बार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने ।

(२) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

**११.पूर्वाधार विकास योजनाको अनुगमन:** (१) समितिले पूर्वाधार विकास सम्बन्धी योजनाको प्रकृति लागत र आकार हेरी सम्भव भए सम्म निर्माण कार्य प्रारम्भ हुनु पुर्व,निर्माणाधीन अवस्था र निर्माण सम्पन्न भए पछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ ।

(२)उपदफा (१)बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रही अनुसुची १ को ढाँचामा गर्नु पर्नेछ ।

(क) योजनाको स्वीकृत लागत व्यहोर्ने स्रोत,

(ख) योजना कार्यन्वयन गरिने स्थान,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु,

(घ) निर्माण गरिने संरचनाको किसिम,आकार वा परिमाण,डिजाइन,गुणस्तर,

(ङ) आवशयक पर्ने निर्माण सामग्री तथा जनशाक्तीको आपुर्ति स्रोत र सो को गुणस्तर,

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउने सक्ने संभावित परिवर्तन तथा जोखिम,

CONFIDENTIAL

(३) समितिले पूर्वाधर योजनाको निर्माणाधीन अवस्थामा देहायका विषयमा केन्द्रित रहीअनुसुची २ को ढाँचामा अनुगमन गर्नुपर्नेछ:-

(क) योजना  कार्यान्वियन तोकिएको गुणस्तर,लागत र समय अनुरुप भए नभएको,

(ख) योजना कार्यान्वियनमा देखिएका बाधा अवरोध,

(ग) सम्झौताका शर्तको पालना,

(घ) समितिले आवश्यक देखेका अन्य विषयहरु,

(४) उपदफा (३) बमोजिमको अनिगमा गर्दा त्यस्तो योजना को रनिङ्ग बिलको भुक्तानी माग गर्दाको अवस्थामा भुक्तानी पूर्व गर्नुपर्नेछ:-

(५) समितिले पूर्वाधार योजनाको  निर्माण कार्य सम्पन्न भएपछि देहायका विषयमा केन्द्रित रही अनुसूची ३को ढाँचामा अनुगमन गर्नुपर्नेछ:-

(क) योजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर र समय,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतको अवस्था,

(ङ) योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(छ) योजनाको समग्र उपलब्धिको अवस्थार दिगोपना,

**१२.चेतनामूलक,क्षमता अभिबृद्धि र सीप विकास कार्यक्रमको अनुगमन:** समितिले चेतनामूलक,क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रम लागत, सहभगिता,समयावधि,सिकाइका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गरी अनुसुची ४ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ।

**१३. स्वरोजगार तथा उत्पादनमूलक र उद्मशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन:**समितिले स्वरोजगार तथा उत्पादनमूलक र उद्मशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा लाभग्राही समुदायले नगरपालिकाबाट प्राप्त अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण तथा प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोग अवस्था, लाभग्राही संख्या, सहभागिलाई उपलब्ध गराइएको सहयोगको पर्याप्तता जस्ता विषयमा केन्द्रित रही अनुसुची ५ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछ।

**१४.अनुगमन तयारी:** (१) सदस्य सचिवले समितिका पदाधिकारीलाई स्थलगत अनुगमनमा जानु अघि अनुगमन गरिने योजना तथा  कार्याक्म,जाने र फर्किने समय, भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्नेछ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रमसंग सम्बन्धीत लागत अनुमान,सम्झौता जस्ता कागजातहर तथा अनुमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामेरा लगायतका साधनको समेत सुनिश्चितता गर्नुपर्नेछ।

(३) सदस्य सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा सलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी, लाभग्राही समुह रसुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई घनुगमन स्थकमा उपस्थितिको लागि पूर्वसुचना गर्नुपर्नेछ।

(४) समितिले स्थलगत अनुगमन गर्दा प्रमुखलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ।

CONFIDENTIAL

(५) समितिले स्थलगत अनुगमनको क्रममा नगपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेको उम्मेद्वार वा दलसँग आवद्ध व्यक्ति वा पदाधिकारीलाई समेत सम्लग्न गराई पृष्ठपोषण प्राप्त गर्न सक्नेछ।

## परिच्छेद -४
## प्रतिवेदन सम्बन्धी व्यवस्था

**१५.अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने:**

(१) उपभोक्ता समिति अन्तर्गतको अनुगमनले योजनाको अनुगमन गरी वडा समक्ष प्रतिवेदन\निर्णय पेश गर्नुपर्नेछ।

(२) उपभोक्ता समिति अन्तर्गतको अनुगमन समितिबाट प्राप्त निर्णय प्रतिवेदनहरु उपर छलफल अनुगमन गरी वडाले नगरपालिकामा सिफारिस गर्ने वा सुझाव सहित फिर्ता पठाउन सक्ने छ।

(३) प्रतिवेदन\निर्णय साथै अनुगमनको क्रममा आवश्यकता अनुसार सम्बन्धित योजना वाकार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संलग्न गर्नुपर्नेछ।

**१६.अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय:** (१) अनुगमन समितिले दफा १६ बमोजिम तयार गरिने अनुगमन प्रतिवेदनमा देहायका विषयहरु समावेश गर्नुपर्नेछ:-

(क) स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट रसमय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लाहत प्रभावकारी रुपमा हासिल भए नभएको,

(ग) कार्यन्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यबधानहरु देखिएका छन् र तिनको समाधानका निमित के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ

(ङ) सम्झौतामा उल्लेखित लागत गुणस्तर र परिमाणमा कार्य भए नभएको।

(२) समितिले वडास्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदन\वडाको सिफारिसमा उल्लेख भएका विषयलाई समेत आफ्नो प्रतिबेदनमा गर्न सक्ने छ।

**१७.प्रतिवेदन उपरको कारवाही: (१)**समितिले पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको बैठकमा कम्तीमा दुई महिनामा एक पटक छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) समितिको प्रतिवेदनको आधारमा कार्यपालिकाले योजना कार्यन्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न उपभिक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा सम्बद्ध कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा(२) बमोजिम कार्यपालिकाबाट दिइएका निर्देशन सम्बन्धित पक्षले अनिवार्य रुपमा पालना गरि एक महिना भित्रमा कार्यालयलाई जानकारीगराउनु पर्नेछ।

(४) समिति र कार्यपालिकाले दिइएका निर्देशन तथा सुझाव तोकिएको समय भित्रमा कार्यान्वयन नगरेमा सम्वन्धित पक्षले गरेको कार्य स्थगित गर्न लगाउने,भुक्तानी रोक्का राख्ने वा अन्य आवश्यक कारवाहीका लागि समितिले कार्यालयलाई सिफारिस गर्न सक्ने छ।

CONFIDENTIAL

**१८.भुक्तानी गर्दा ध्यान दिनुपर्ने :** (१) कार्यालयले योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा समिति र उपभोक्ता समिति अन्तर्गतको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिबेदन अनिवार्य संलग्न गर्नुपर्नेछ।

(२) योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी दिनुअघि समितिको अनुगमन प्रतिवेदनमा सिफारिस गरेको व्यहोरा समेत अनिवार्य उल्लेख हुनु पर्नेछ।

(३) योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी दिनु अघि समितिको अनुगमन प्रतिबेदनले औल्याएका गम्भीर प्रकृतिका विषयहरु भएमा सुझाव बमोजिम सुधार गरेको व्यहोरा समेत अनिवार्य सम्लग्न हुनु पर्नेछ।

## परिच्छेद-५
## विविध

**१९. अनुगमन गर्न सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका तथा प्रमुखले नगरपालिकाबाट संचालित आयोजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्ने छ।

(२) समितिले वडास्तरीय अनुगमन समितिबाट दफा ८ बमोजिम अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवश्यकता अनुसार अनुगमन गर्न सक्ने छ।

**२०.जिम्मेवारी :**(१) कार्यालयले यस कार्यविधि बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यको समन्वय, सहजीकरण, कार्यन्वयन र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यका लागि योजना शाखा जिम्मेवार हुनेछ।

**२१.कार्यविधिको पालना गर्नुपर्ने :** (१) वडास्तरीय अनुगमन समितिबाट गरिने अनुगमनमा समेत यस कार्यविधिमा भएका व्यवस्थालाई पालना गर्नुपर्नेछ।

(२) वडास्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र समिति समक्ष पेश गर्नुपर्नेछ।

**२२.चेकलिष्ट तयार गर्न सक्ने:** समितिले योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गरी लागू गर्न सक्नेछ।

CONFIDENTIAL

अनुसूचि २

(दफा ११ को उपदफा ३ बमोजिम)

# महाराजगंज नगरपालिका

## कपिलवस्तु

**पूर्बाधार योजनाका लागि निर्माणाधीन अवस्थामा गरीने अनुगमन फारम**

अनुगमन गरेको मिति:...................

१ योजना को नाम ..........................  २ योजनाको निर्माण स्थल.................२.१ योजना सूचना पाटी .............

२ योजना निर्माण शुरु मिति.............  ४ योजना सम्पन्न मिति...................

५ भौतिक प्रगतिक..................प्रतिशत  ६ वित्तीय प्रगति प्रतिशत....................

७ योजना कार्यान्वयन मा तोकीएको गुणस्तर लागत र समय

- तोकिएको गुणस्तर अनुरुप  भएको  सुधार गर्नु पर्ने
- स्वीकृत लागत अनुरुप  भएको  संशोधन गर्नु पर्ने
- स्वीकृत कार्यतालिका अनुरुप  भएको  नभएको
- स्वीकृत कार्यतालिका अनुरुप नभएको कारण ..........................................................

  .............................................................
- निर्माण स्थलमा निर्माण आवश्यक सामग्रीको उप्लबधता  भएको  नभएको  संतोषजनक
- आवस्यक जनशक्तिको प्रयाप्तता  भएको  नभएको  संतोषजनक
- मेशिनरी औजार र उपकरण वयवस्थापनको अवस्था  भएको  नभएको  संतोषजनक
- योजना कार्यान्वयनमा सम्झौता शर्तको पालना  भएको  आंशिक  नभएको
- पालना नभएको भएको विषय र सोको कारण ...................................................................

  ..........................................................................................................................

८ योजना कार्यन्वयनमा देखिएको बाधा अवरोध..........................................................................

९ कार्यसंपादन गर्ने उपभोक्ता समिति /निर्माण व्यवसायी/परामर्श दाता /अपूर्ति कर्ता / सम्बन्धित निकायको धारणा र प्रतिबद्दता ......

.................. ....................  ............................ .................  ............ ...... ............

१० स्थानीय उपभोक्ता ,नागरिकहरुको धारणा र प्रकृया .......................................................  .........................

.......................................... .............................  ............................ .................  ..................

११ जिम्मेवार प्रविधिकको धारणा र प्रतिबद्दता ..............  .......................... ..........................................

........................... ..............................  ..................................  ...................  ............................

१२ अघिल्लो अनुगमनको क्रममा दीइएको सुझावको कार्यन्वयनको अवस्था ..............................  ......................

..............................  .............................................  ................................  .............................

१३ समिति, अनुगमनकर्ताको सुझाव र टिप्पणी........ ................................ ..........................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

१ श्री रिता कुमारी कुर्मी  नगर उपप्रमुख / संयोजक

२ रबिन्द्र प्रसाद चौधरी  प्रमुख प्रशासकिय अधिकृत /सदस्य

३ श्री चानतारा लोहार  वडा अध्यक्ष /सदस्य

४ श्री राजेन्द्र प्रसाद चौधरी  लेखापाल /सदस्य

CONFIDENTIAL

५ श्री प्रमोद चौधरी ईन्जिनियर /सदस्य

६ श्री निरन्जन पौडेल प्र.यो.अनुगमन शाखा /सदस्य सचिव

आमन्त्रित :

**अनुसूचि ३**

(दफा ११ को उपदफा ५ बमोजिम)

# महाराजगंज नगरपालिका

**कपिलवस्तु**

<u>योजनाको निर्माणकार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमन फारम</u>

अनुगमन गरेको मितिः...................

१ योजना को नाम .......................... २.स्थान......................... २.१ योजना सूचना पाटी ............

३. योजना निर्माण शुरु मिति............. ४ योजना सम्पन्न भएको मिति...................

५ समझौता को रकम रु........... ६. हाल सम्मको भुक्तानी रु ......................

७ योजना कार्यान्वयन तोकीएको गुणस्तर लागत र समयमा भएको संतोषजनक नभएको

८ योजना कार्यान्वयनमा गरीएको समझौताको पालना भएको संतोषजनक नभएको

९ उपभोक्ताहरुको लागत / श्रम सहभागिताहरुको अबवस्था न्युन संतोषजनक नभएको

१० डिजाइन लागतमा परिवर्तन भएको भए स्वीकृतीको अवस्था भएको नभएको

११ योजना बाट अपेक्षित प्रतिफल / लक्ष्य प्प्तिको अवस्था न्युन भएको नभएको

१२ योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपन .......................................

१३ सार्बजनिक सुनवाइ र सार्वजनिक परिक्षण गरेको नगरेको

१४ उपभोकता समिति अन्तर्गत रहेको अनुगमन समितिको सुझाव ............................. .............................................................

१५ कार्यसम्पादन गर्ने उपभोकता समति, निर्माण व्यवसायी, परामर्शदाता, अपूर्तीकर्ता, समबन्धित निकायको धारणा ......... ............. ................. ........... ................... ............................................ ...................................................................... ...............................................................

१५ समझौता परिधि भित्र रही कार्य सम्पन्न भएको नभएको

१६ स्थानीय उपभोकता, नागरिकहरुबाट प्राप्त धारणा नकारात्मक, संतोषजनक, उत्तम, अतिउत्तम

१७ अघिल्लो अनुगमन को क्रममा दिइएको सुझाव कार्यान्वयन को अवस्था न्युन संतोषजनक भएको नभएको

१८ समिति, अनुगमनकर्ताको टिप्पणी सुझाव र निर्देशन................ ...................... ..................... ................. ............. .............. .....................

१९ योजना कार्यक्रमको संचालन सुपरिवेक्षण, जाचपास गर्ने कर्मचारीको / प्राविधिक पुष्टाइ

CONFIDENTIAL

यस योजना स्वीकृत लागत अनुमान, डिजाइन, ड्इगं समझौता तथा सो शर्त अनुसार कार्य सम्पन्न भएको छ कि छैन ।

नापजाच गर्दा समझौता तोकीएको परिणाम, स्पेशिफिकेशनगुन स्तर बमेजिमका सामग्री प्रयोग गरी निर्माण भएको भए को छ कि छैन ।

| | |
|---|---|
| जिम्मेवार प्राविधिक कर्मचारी | पुष्टाइ गर्ने एकतह माथिको प्राविधक कर्मचारी |
| कर्मचारीको नाम : | कर्मचारीको नाम : |
| पद : | पद : |
| दस्तखत: | दस्तखत: |

२० योजना कार्यक्रम कार्यान्यव्यन पूर्व र कार्यान्यव्यन पश्चातको अवस्था

| बिषय क्षेत्र | योजना कार्यक्रम कार्यान्वयन पूर्ब को अवस्था | योजना कार्यक्रम कार्यान्वयन पश्चात को अवस्था ⁄ उपलब्धि |
|---|---|---|
| आर्थिक पक्ष | | |
| सामाजिक पक्ष | | |
| भौतिक पक्ष | | |
| वातावरणिय पक्ष | | |
| अन्य पक्ष | | |
| | | |

२१ यस योजना, कार्यक्रम तोकीएको लागत परिणाम गुणस्तर बमौजिम कार्य सम्पन्न भएकोले अन्तिम भुक्तानीका लागि सिफारिस गरिएकोछ । उलेल्खित सुझाव बमौजिम सुधार गरे पशचात मात्र भुक्तानि गर्नु हुन ।

**अनुगमन पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १ | श्री रिता कुमारी कुर्मी | नगर उपप्रमुख / संयोजक |
| २ | रबिन्द्र प्रसाद चौधरी | प्रमुख प्रशासकिय अधिकृत ⁄सदस्य |
| ३ | श्री चानतारा लोहार | कार्यपालिका सदस्य ⁄सदस्य |
| ४ | श्री राजेन्द्र प्रसाद चौधरी | लेखापाल ⁄सदस्य |
| ५ | श्री प्रमोद चौधरी | ईन्जिनियर ⁄सदस्य |
| ६ | श्री निरन्जन पौडेल | प्र.यो.अनुगमन शाखा ⁄सदस्य सचिव |

आमन्त्रित :

CONFIDENTIAL

**अनुसूचि ३**

(दफा ११ को उपदफा ५ बमोजिम)

# महाराजगंज नगरपालिका

**कपिलवस्तु**

**<u>वडा स्तरिय योजनाको निर्माणकार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमन फारम</u>**

अनुगमन गरेको मितिः...................

१ योजना को नाम ........................... २.स्थान.........................

३. योजना निर्माण शुरु मिति............. ४ योजना सम्पन्न भएको मिति...................

५ समझौता को रकम रु........... ६. हाल सम्मको भुक्तानी रु .......................

७ योजना कार्यान्वयन तोकीएको गुणस्तर लागत र समयमा भएको संतोषजनक नभएको

८ योजना कार्यान्वयनमा गरीएको समझौताको पालना भएको संतोषजनक नभएको

९ उपभोक्ताहरुको लागत / श्रम सहभागिताहरुको अबवस्था न्युन संतोषजनक नभएको

१० डिजाइन लागतमा परिवर्तन भएको भए स्वीकृतीको अवस्था भएको नभएको

११ योजना बाट अपेक्षित प्रतिफल / लक्ष्य प्रप्तिको अवस्था न्युन भएको नभएको

१२ योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपन .......................................

१३ सार्बजनिक सुनवाइ र सार्वजनिक परिक्षण गरेको नगरेको

१४ उपभोकता समिति अन्तर्गत रहेको अनुगमन समितिको सुझाव ............................ ..............................................................

१५ कार्यसम्पादन गर्ने उपभोकता समति, निर्माण व्यवसायी, परामर्शदाता, अपूर्तीकर्ता, समबन्धित निकायको धारणा ......... ............ ................ ........... .................. ........................................... ........................................................................ ..............................................................

१५ समझौता परिधि भित्र रही कार्य सम्पन्न भएको नभएको

१६ स्थानीय उपभोकता, नागरिकहरुबाट प्राप्त धारणा नकारात्मक, संतोषजनक, उत्तम, अतिउत्तम

१७ अघिल्लो अनुगमन को क्रममा दिइएको सुझाव कार्यान्वयन को अवस्था न्युन संतोषजनक भएको नभएको

१८ समिति, अनुगमनकर्ताको टिप्पणी सुझाव र निर्देशन............... ..................... .................... ................ ............ .............. .....................

१९ योजना कार्यक्रमको संचालन सुपरिवेक्षण, जाचपास गर्ने कर्मचारीको / प्राविधिक पुष्टाइ

यस योजना स्वीकृत लागत अनुमान, डिजाइन, ड्रइगं समझौता तथा सो शर्त अनुसार कार्य सम्पन्न भएको छ कि छैन ।

CONFIDENTIAL

नापजाच गर्दा समझौता तोकीएको परिणाम, स्पेशिफिकेशनगुन स्तर बमेजिमका सामग्री प्रयोग गरी निर्माण भएको भए को छ कि छैन ।

| | |
|---|---|
| जिम्मेवार प्राविधिक कर्मचारी | पुष्टाइ गर्ने एकतह माथिको प्राविधक कर्मचारी |
| कर्मचारीको नाम : | कर्मचारीको नाम : |
| पद : | पद : |
| दस्तखत: | दस्तखत: |

२० योजना कार्यक्रम कार्यान्यव्यन पूर्व र कार्यान्यव्यन पश्चातको अवस्था

| बिषय क्षेत्र | योजना कार्यक्रम कारयन कोपूर्ब को अवस्था | योजना कार्यक्रम कार्यान्वयन को पश्चात को अवस्था को उपलब्धि |
|---|---|---|
| आर्थिक पक्ष | | |
| सामाजिक पक्ष | | |
| भौतिक पक्ष | | |
| वातावरणिय पक्ष | | |
| अन्य पक्ष | | |
| | | |

२१ यस योजना, कार्यक्रम तोकीएको लागत परिणाम गुणस्तर बमौजिम कार्य सम्पन्न भएकोले अन्तिम भुक्तानीका लागि सिफारिस गरिएकोछ । उलेल्खित सुझाव बमौजिम सुधार गरे पशचात मात्र भुक्तानि गर्नु हुन ।

**अनुगमन पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १ | श्री रिता कुमारी कुर्मी | नगर उपप्रमुख / संयोजक |
| २ | रबिन्द्र प्रसाद चौधरी | प्रमुख प्रशासकिय अधिकृत ⁄सदस्य |
| ३ | श्री ...................... ................ | वडा अध्यक्ष ⁄सदस्य |
| ४ | श्री राजेन्द्र प्रसाद चौधरी | लेखापाल ⁄सदस्य |
| ५ | श्री प्रमोद चौधरी | ईन्जिनियर ⁄सदस्य |
| ६ | श्री निरन्जन पौडेल | प्र.यो.अनुगमन शाखा ⁄सदस्य सचिव |

आमन्त्रित :

## अनुसूची-४
## (दफा १२ सँग सम्बन्धित)
## चेतनामूलक,क्षमता अभिबृद्धि र सीप विकास कार्यक्रमको अनुगमन फारम

अनुगमन गरेको मिति :.........................................

१. कार्यक्रमको नामः.....................................................

२. कार्यक्रम संचालन स्थानःवडा नं.....     स्थानः..............

३. कार्यक्रम शुरु मितिः..................     सम्पन्न मिति.......................

CONFIDENTIAL

४. कार्यक्रमको प्रकृतिः क.चेतनामूलक     ख. क्षमता अभिबृद्धि   ग. सीप विकास

५. कार्यक्रमको कुल लागतःरु. ...............     कार्यालयबाट उपलब्ध भएको रकम रु. ...........................

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु. ................

अन्य निकायबाट प्राप्त सहयोग रु. ..........................     लाभग्राहीको सहभागिताः.......................

६. जम्मा लाभग्राही संख्याः

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | मधेशी | मुस्लिम/अल्पसंख्याक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

कार्यक्रम कार्यान्वयन पूर्व र कार्यान्वयन पश्चातको तुलनात्मक अवस्था

| विषय क्षेत्र | योजना/कार्यक्रम कार्यान्वयन पूर्वको अवस्था | योजना/कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त उपलब्धी |
|---|---|---|
| आर्थिक पक्ष | | |
| सामाजिक पक्ष | | |
| मानवीय पक्ष | | |
| वातावरणीय पक्ष | | |
| अन्य पक्ष | | |
| | | |

७. लाभग्राहीहरुको नियमित उपस्थिती भए नभएको

८. कार्यक्रम कार्यान्वयनमा सम्झौताका शर्तको पालनाःभए नभएको

९. कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्था...............................

१०.कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः...............

११.कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको

१२.लाभग्राही/नागरिकको धारणा वा प्रतिकृयाः.......................................

१३.कार्यान्वयन गर्ने निकायको अधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः...............

१४.वडा समिति वा वडा स्तारीय अनुगमन समितिको प्रतिकृया भएः..................

१५.अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः......................

CONFIDENTIAL

**अनुगमन गर्ने पदाधिकारीहरुः**

क.नामः............................... पदः........................... दस्तखतः...........................

ख.नामः............................... पदः........................... दस्तखतः...........................

ग.नामः............................... पदः........................... दस्तखतः...........................

**अनुसूची -५**

**(दफा १३ सँग सम्बन्धित)**

**स्वरोजगार तथा उत्पादन मूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन फारम**

अनुगमन गरेको मिति :.........................................

१. कार्यक्रमको नामः....................................................

२. कार्यक्रम संचालन स्थानःवडा नं..... स्थानः.............

३. कार्यक्रम शुरु मितिः................. सम्पन्न मिति......................

४. कार्यक्रमको प्रकृतिः क.स्वरोजगार तथा उत्पादनमूलक ख.उद्यमशीलता प्रबर्द्धन गर्ने

५. कार्यक्रमको कुल लागतःरु. ............... कार्यालयबाट उपलब्ध भएको रकम रु. ...........................

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु. ................

अन्य निकायबाट प्राप्त सहयोग रु. .......................... लाभग्राहीको सहभागिताः........................

६. जम्मा लाभग्राही संख्याः

| **महिला** | **पुरुष** | **जम्मा** | **दलित** | **जनजाति** | **ब्राम्हण/क्षेत्री** | **मधेशी** | **मुस्लिम/अल्पसंख्याक** | **अपाङ्गता भएको** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७.कार्यालयबाट सामग्री उपलब्ध गराइएको भएमा

| सामग्रीको विवरण | परिमाण | उपयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |

कार्यक्रम कार्यान्वयन पूर्व र कार्यान्वयन पश्चातको तुलनात्मक अवस्था

| विषय क्षत्रे | योजना/कार्यक्रम कार्यान्वयन पूर्वको अवस्था | योजना/कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त उपलब्धी |
|---|---|---|

CONFIDENTIAL

| | | |
|---|---|---|
| आर्थिक पक्ष | | |
| सामाजिक पक्ष | | |
| मानवीय पक्ष | | |
| वातावरणीय पक्ष | | |
| अन्य पक्ष | | |
| भौतिक पक्ष | | |

८. कार्यक्रम कार्यान्वयनमा सम्झौताका शर्तको पालनाःभए नभएको

९ .कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः................

१०.कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको

११.योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपनः..................................

१२.लाभग्राही/नागरिकको धारणा वा प्रतिकृयाः......................................

१३.कार्यान्वयन गर्ने निकायको अधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः................

१४.वडा समिति वा वडा स्तारीय अनुगमन समितिको प्रतिकृया भएः..................

१५.अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः......................

**अनुगमन गर्ने पदाधिकारीहरुः**

क.नामः.............................. पदः............................ दस्तखतः............................

ख.नामः.............................. पदः............................ दस्तखतः............................

ग.नामः.............................. पदः............................ दस्तखतः............................

CONFIDENTIAL

प्रमाणिकरण मिति :- २०७८।०३।२९

आज्ञाले,
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकिय अधिकृत